E-mail :- udayapursimrik5@gmail.com
Udayapur Simrik (National Daily)

# भन्सार कार्यालयबाटै एक किलो

**सिम्रिक सम्वाददाता**
**काठमाडौं, २ साउन**

त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट विभिन्न व्यक्तिको मिलेमतोमा तस्करीका माध्यमबाट आएको ९ किलोग्राम सुन भन्सार कै नायब सुब्बा र भन्सार एजेण्टहरूको मिलेमतोमा चोरी गरी विक्री गरिएको भन्दै सरकारले ९ जनाविरूद्ध काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो ।
सो प्रकरणमा अदालतले ५ जनालाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिइसकेको छ भने जग्गा जफत गर्ने प्रयोजनका लागि मात्रै प्रतिवादी बनाइएका एक व्यक्तिलाई साधारण तारेखमा रिहा गर्न आदेश दिएको छ ।
त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक अरूण पोखरेलको जाहेरीका आधारमा केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले गरेको करिब २ महिना लामो अनुसन्धानबाट तस्करी भई आएको सुन चोरी गरी विक्री वितरण गरेको पुष्टि भएको थियो । सीआइबीले ९ किलोग्राम सुनको चोरी र विक्रीको हिसाब निकाले पनि सुन भने ९ किलो नभएर १० किलो तस्करी भएको स्रोतले दाबी गरेको छ ।
दुबईबाट सुन किन्ने समूहले १० किलोग्राम सुन ल्याएको र त्यसमध्ये ९ किलो सुनको मात्रै हिसाब देखिएका कारण एक किलोग्राम सुन अझै गायब भएको देखिन्छ । गायब भएको सुनमध्ये करिब आधा किलो सुन सेक्युरिटी गार्ड निर्मल विकले चोरी गरेको भए पनि बाँकी आधा किलो सुनको भने न हिसाब छ, न त त्यसको 'क्लु' नै पत्ता लागेको छ ।
पहिला 'भेप'मा लुकाएर ल्याएको सुन तस्करी र भन्सारबाट भएको चोरीबारे चर्चा गरौं ।
फलाई दुबईको उडान नम्बर एफजेड-०५८७ बाट २०७९ पुस १० गते नेपाल आएका चिनियाँ यात्रु ली हानसोङको लगेज शंकास्पद भेटियो । एक्स-रेका क्रममा उक्त लगेजभित्र 'भेप' भनिएको सामानभित्र सुनजस्तै घनत्व बढी भएको धातु रहेको संकेत दिने कालो धब्बा देखिएको थियो । त्यसपछि थप अनुसन्धान गर्न लगेजमा 'आरसी' अर्थात् रेड च्यानलको ट्याग लगाइयो । पुनः एक्स-रे गर्दा समेत शंकास्पद देखिएपछि लगेज खोलेर हेरियो । लगेजमा ठूलो परिमाणमा भेप थियो । यत्तिका सामान एलसी नखोली लगेजमा किन ल्याएको भनी हानसोङलाई सोधियो । उनले 'हाइड्रोपावरमा काम गर्ने चिनियाँ नागरिकका लागि ल्याएको' भन्ने जवाफ दिए । व्यापारिक प्रयोजनका लागि सामान ल्याइएको भन्दै भन्सारले उक्त सामानको थप अनुसन्धान नगरी भेप नै हो भनेर जफत गर्ने निर्णय गर्‍यो र जफतको निस्सा यात्रुलाई पनि दियो । लगेजको अनुसन्धान गरेपछि राजस्व तिराएर यात्रुलाई नै दिने वा जफत गर्ने भन्ने अधिकार भन्सारलाई रहन्छ । अवैध सामान ल्याएको भए व्यक्ति समेतलाई नियन्त्रणमा लिनुपर्ने हुन्छ । जफत गरिएको उक्त सामानलाई डेढ महिनाभन्दा बढी विमानस्थल भित्रैको स्टोरमा राखी २०७९ माघ २९ गते मात्रै मुद्दा शाखामा दाखिला गरियो । त्यति बेलासम्म उक्त सामानका बारेमा कसैलाई केही जानकारी थिएन । दुई वटा सुटकेसमा रहेका ७३ बट्टामा ७३० थान इलेक्ट्रिक सिगरेट (भेप) रहेको मुचुल्का तयार भएको थियो । उक्त 'भेप'को व्यवस्थापन गर्ने जिम्मा नायब सुब्बा सरोज श्रेष्ठले लिएका थिए । सामान थन्क्याउने समयमा सरोजले भन्सार कार्यालयमै कार्यरत निजी कम्पनीका सेक्युरिटी गार्ड निर्मल कुमार विकको सहयोग लिए । सामान बोक्न र थन्क्याउने क्रममा सेक्युरिटी गार्ड विकले एउटा भेप निकालेर धुवाँ तान्ने कोसिस गरे, तर धुवाँ नआएपछि भेपभित्र अरू केही हुनुपर्छ भनी त्यसलाई आफ्नो खल्तीमा हाले ।

## उदयपुर...

गर्दै प्रदेससभा सदस्य बुर्जा मगरले सञ्चालित कार्यक्रम सन्तोषजनक रहेको बताएका छन् । उनले आगामी दिनमा अझ प्रतिफल निस्कने गरी कार्यक्रम सञ्चालन गर्न सम्बन्धित कार्यालय र किसानहरूलाई आग्रह गरे । प्रदेससभा सदस्य रेग्मीले किसानको जीवन स्तर उकास्ने गरी कार्यक्रम सञ्चालन भएको बताईन् । उनले आगामी दिनमा पनि कार्यक्रमलाई निरन्तरता दिँदै कृषिको दिगोपना दिन आग्रह गरिन् । अनुगमन टोलीमा सम्बन्धित जिल्लास्थित सरोकारवाला निकायका प्रमुख एवंम प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।
टोलीले उदयपुर जिल्ला कृषि र पशुपालनका क्षेत्रमा आत्मनिर्भरतर्फ अग्रसर भएको बताए । उनीहरूले अनुदान मागेर ठगि खानेभन्दा पनि कृषि पेसालाई निरन्तरता दिनेखालका लक्षित समुदायलाई कार्यक्रम दिन सके मात्र प्रतिफल निस्कने बताए ।

## कटारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**कटारी, उदयपुर**

### कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित : मिती २०८०/०४/०३**

प्रस्तुत विषयमा आ.व.०८०/०८१ मा कटारी नगरपालिकाका अन्तर्गत कटारी अस्पतालमा कामकाज गर्ने गरी तपशिल बमोजिमको कर्मचारी सेवा करारमा पदपूर्ती गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले १५ दिन भित्रमा कटारी नगरपालिकाको कार्यालयमा दरखास्त पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | विज्ञान नं. | पद | सेवा/समूह/श्रेणी | माग संख्या | परिक्षा दस्तुर | परीक्षाको मिती | परीक्षाको प्रकार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | स्वा. १/२०८०/०८१ | बालरोग विशेषज्ञ ( कन्सल्टेन्ट पेडीयाट्रीसियन) | स्वा./पेडीयाट्रीक्स/ नवौं तह | १ | १५०० | २०८०/०४/१८ | अन्तरवार्ता | |

१.आवश्यक योग्यता :मान्याता प्राप्त शिक्षण संस्थाबाट बालरोग विशेषज्ञ बिषयमा स्नातकोत्तर (एम.डी.पेडीयाट्रीक्स)उतीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको हुनुपर्ने ।
२.उमेर हद :१८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
३.दरखास्त दिने स्थान : कटारी नगरपालिकाको कार्यालय कटारी,उदयपुर ।
४.दरखास्त दिने अन्तिम मिती : २०८०/०४/१७ गतेसम्म कार्यालय समय भित्र ।
५.दरखास्त फारम पाइने स्थान : कटारी नगरपालिकाको कार्यालय राजस्व शाखा ।
६.आवेदन तथा संलग्न कागजातहरु : नेपाली नागरिकताको प्रमाणपत्र, काउन्सिलमा दर्ता प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी,अनुभव/तालिम भए सो को प्रतिलिपि, २ प्रति पासपोर्ट साइजको फोटो ।
७.सेवा सुविधा : आपसी सम्झौता अनुसार ।
८.प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

प्रमुख प्रशासकिय अधिकृत

## श्री आँपटार सामुदायिक वन उपभोक्ता समूह
## कटारी नगरपालिका ६ उदयपुरको
### आन्तरिक खपतको काठ विक्रि सम्बन्धी सूचना

यस सामुदायिक वन समूहको स्वीकृत कार्ययोजना अनुसार आर्थिक बर्ष २०७९।०८० मा उत्पादन भई घाटगद्दी गरेका लट नं. १ साल जातको गोलिया थान ३० को २९३।२७ क्यू फिट काठ आपूर्ति समिति मार्फत, लट नं. २ साल जातको गोलिया थान ५३ को ५७१।० क्यू फिट काठ समूह बाहिर, लट नं. ३ साल जातको गोलिया थान १७ को २७१।७५ क्यू फिट समूह बाहिर र लट नं. ४ साल जातको चिरान २९५ थान १८३।५८ क्यू फिट समूह भित्रका उपभोक्तालाई पहिलो प्राथमिकता हुने गरी समूहको नियमानुसार सा.ब.उ.सका उपभोक्ता तथा छिमेकी उपभोक्ता र जिल्ला भित्रका उपभोक्ताहरुले नयाँ घर निर्माण, घर मर्मत तथा कृषि औजारका निम्ति लिन ईच्छुक भएमा परिचय खुल्ने कागज, जग्गाधनी प्रमाण पुर्जा तथा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, आवश्यक परिणाम र प्रयोजन समेत खुलाई यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र रु १० को टिकट टाँस गरी यस सावउसको कार्यालयमा निवेदन पेश गर्न हुन सूचित गरिन्छ ।







दिपक तथा श्रृद्धि सिद्धि ज्वेलर्स
यहाँ बिना रसायन पारम्परिक र आधुनिक दुवै किसिमको गरगहना ग्राहकको अर्डर बमोजिम बनाउनुका साथै उचित मूल्यमा खरिद-विक्री गरिन्छ ।
साथै दिपक भाडा पसल
यहा कुकर, फिल्टर, राईस कुकर, काशका थाल, बोटुका, स्टीलका भाडाकुडा, पितलका खड्कुला,तामाका गाग्री,सिल्वरका भाडा आदी सुपथ मुल्यमा विक्री गरिन्छ ।
प्रोपाईटर : दिपक सोनी सम्पर्क नं.-०३५-४२०३०२
स्थान : त्रियुगा नगरपालिका ११ गाईघाट, उदयपुर


CamScanner